# धुलिखेल नगरपालिका
## Dhulikhel Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
धुलिखेल, काभ्रेपलाञ्चोक
Dhulikhel, Kavrepalanchok

धुलिखेल नगरपालिका (DHULIKHEL MUNICIPALITY)

फोन नं :०११-४९०३२४,४९०७२४
फ्याक्स नं :९७७-११४९००२९
बागमती प्रदेश, नेपाल


प. सं:०८१/८२
च.नं: ३९७

मिति: २०८१।०५।२३
ने.सं.:११४४ जंलाथ्व, ५, आइतवार

**विषयः ५८ औं अन्तर्राष्ट्रिय साक्षरता दिवसको शुभकाना ।**

**बहुभाषिक शिक्षाको प्रवर्धनः पारस्परिक समझदारी र शान्तिको लागि साक्षरता** भन्ने मूल नाराका साथ मनाइ रहिएको ५८ औं अन्तर्राष्ट्रिय साक्षरता दिवसको उपलक्ष्यमा नगरवासी आदरणीय आमा बुबा, दाजुभाइ तथा दिदीबहिनीमा साक्षर नगर धुलिखेलको तर्फबाट हार्दिक अभिवादन टक्र्याउन चाहन्छु ।

**साक्षरताको ऐतिहासिक पृष्ठभूमिः**

प्राचीन कालमा मान्यजन कचहरी, धार्मिक सभा, गुरुकुल शिक्षा जस्ता प्रथाले मौखिक साक्षरताको परम्परालाई दीर्घजीवी बनाइरहेको अवस्थामा साहु महाजनको बस्तीको रुपमा विकसित यस धुलिखेल नगरका नगरवासी व्यापार व्यवसायको सिलसिलामा विभिन्न क्षेत्र र भौगोलिक भेगमा छरिने क्रम बढेसँगै व्यापारिक हरहिसाबका लागि समेत साक्षर हुनु जरुरी रहेको सन्दर्भ यहाँका वासिन्दाले टड्कारो रुपमा महसुस गरेको पाइन्छ। राजा आनन्द देवले बसाएको ४ ओटा वस्ती नै धुलिखेल नगरको पूर्व स्थापित जग हो । उक्त वस्ती विकास कै क्रममा कृषकको समूह, व्यापार व्यवसायको समूह, साँस्कृतिक रिवाज सहितको चलन धान्ने विभिन्न परम्परा र पूजाआजाको लागि तान्त्रिक पद्दति, स्वास्थ्योपचारको लागि वैद्य, सरसफाइ र सेवाको लागि सेवकसमेतको व्यवस्था भएको सो बस्ती तत्कालिन अवस्थामा राज्य सरहको सुविधा र प्रशासनिक आचार संहिता भएको बस्ती/नगर भएको हुँदा शिक्षा र साक्षरतासँग समेत जोडिएको पाइन्छ । खासगरी बन्दव्यापारलाई मुख्य पेशा बनाउने नेवारी समुदायका परिवारमा अनौपचारिक शिक्षाको माध्यमबाट पिढीगत शिक्षाको अभ्यास भएकोले आफ्ना सन्तानलाई व्यवहारिक शिक्षा दिने चलन शुरु देखि नै रहेको पाइन्छ ।

सरकारी तवरबाट वि.सं. २००४ सालमा नेपालमा आधार शिक्षाको थालनी सँगै लेख्य साक्षरता शिक्षाले औपचारिकता पाएको र वि.सं. २०११ मा **नेपालमा शिक्षा** नामक प्रतिवेदनले प्रौढ साक्षरता कार्यक्रममा जोड दिन सिफारिस गरेपछि पञ्च वर्षीय योजना वि.सं. २०१३ देखि योजनाबद्ध रुपमा प्रौढ साक्षरता कार्यक्रम सञ्चालन भएको हो । साक्षरता शिक्षालाई जीवन पद्दतिसँग आवद्ध गर्न बि.सं. २०२२ सालदेखि कार्यमुलक साक्षरतालाई समावेश गरियो । वि.स. २०२८ सालमा लागू भएको राष्ट्रिय शिक्षा पद्दतिको योजनाको मध्यावधि मूल्याङ्कन पश्चात् वि.सं. २०३५ सालदेखि साक्षरता कार्यक्रमलाई अझ व्यापक बनाइयो । वि.सं. २०३७ सालदेखि शिक्षा मन्त्रालयमा प्रौढ शिक्षा शाखा स्थापना भए पछि साक्षरता शिक्षालाई संस्थागत संरचनामार्फत् विस्तार गरियो । वि.सं. २०३८ सालमा ग्रामीण विकासका निम्ति सेती शिक्षा परियोजनाको कार्यान्वयन चरणमा महिला तथा किशोरीहरुलाई विशेष लक्षित गरी चेलिवेटी कार्यक्रम सञ्चालन गर्न थालियो भने प्रौढ साक्षरतालाई समसामयिक सुधार गरी विस्तार गरियो ।

अशोक कुमार ब्याञ्जु श्रेष्ठ
नगर प्रमुख

धुलिखेल नगरपालिका
Dhulikhel Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
धुलिखेल, काभ्रेपलाञ्चोक
Dhulikhel, Kavrepalanchok
धुलिखेल नगरपालिका (DHULIKHEL MUNICIPALITY)
फोन नं :०११-४९०३२४,४९०७२४
फ्याक्स नं :९७७-११४९००२९
बागमती प्रदेश, नेपाल

प. सं:०८१/८२
च.नं: ३१८

प्राथमिक शिक्षा परियोजना (२०४२-२०४७), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (२०४९-२०५४), आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (२०५६-२०६१), सबैका लागि शिक्षा (सन् २००१-२०१५), विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९-२०१५), सहस्राब्दी विकास लक्ष्य (सन् २०१५), विद्यालय क्षेत्र विकास योजना (सन् २०१६-२०२३) दिगो विकास लक्ष्य आदि सबैले साक्षरतालाई अभिन्न अङ्गको रुपमा स्वीकार गरेको र साक्षरता कार्यक्रम सञ्चालनका लागि आवधिक योजनाहरुले पनि स्थानीय निकाय (तह), गैसस, नागरिक समाज, विश्व विद्यालय र विद्यालयका विद्यार्थीहरु, सामुदायिक अध्ययन केन्द्र, निजी क्षेत्र तथा राजनैतिक दललाई परिचालन गरी साक्षरता कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न जोड दिइएको थियो ।

**साक्षर नेपाल अभियान र धुलिखेलको साक्षरता/निरन्तर शिक्षाको सन्दर्भ:**

विभिन्न योजना परियोजना र कार्यक्रमको रुपमा साक्षरता कक्षा सञ्चालन गरिएको भए पनि देशव्यापी अभियानका रुपमा भने आव २०६५/२०६६ देखि सञ्चालन भएको र निरक्षरहरुको यथार्थ सङ्ख्या यकिन नभइकन साक्षरता कार्यक्रमलाई वास्तविक निरक्षर केन्द्रित गर्न नसकिने सत्यलाई आत्मसात गरी आव २०६७/०६८ मा तत्कालिन गाविस र नगरपालिकाको वडाभित्र भएका उच्चतम कक्षा सञ्चालित विद्यालयको संयोजकत्वमा शिक्षक विद्यार्थी र सामुदायिक अध्ययन केन्द्र परिचालन गरी घरधुरी सर्वेक्षणको माध्यमद्वारा निरक्षरहरुको विवरण सङ्कलन गरियो । सङ्कलित विवरणलाई आधार मानेर आव २०६७/०६८ र २०६८/०६९ मा सघन रुपमा साक्षरता कक्षा वितरण र सञ्चालन भए । नेपालको संविधानले आधारभूत तहको शिक्षा प्राप्ति नागरिकको मौलिक हकको रुपमा स्वीकार गरेको, सन् २०१५ सम्ममा सन् २००० को तुलनामा ५० प्रतिशतले साक्षरता अभिवृद्धि गर्ने प्रतिवद्धता सबैका लागि शिक्षा सम्बन्धी विश्व मञ्चमा स्वीकार गरिसकेको, यसै गरी सहस्राब्दी विकास लक्ष्य प्राप्तिका लागि १५-२४ वर्ष उमेर समुहका व्यक्तिहरु सतप्रतिशत साक्षर हुनुपर्ने उल्लेख भएकोले नेपालले साक्षरतालाई तत्कालिन अवस्थामा अभियानको रुपमा सञ्चालन गरेको थियो । काभ्रे जिल्लामा जिल्ला भित्रका सबै गाविस र नगरपालिकामा साक्षरता कक्षालाई अभियानको रुपमा सञ्चालन गर्न तत्कालिन जिल्ला शिक्षा कार्यालयबाट संयोजनकारी भूमिका र नेतृत्व लिइएको थियो भने सामुदायिक सिकाइ केन्द्र, माध्यमिक तहका विद्यालयका विद्यार्थीहरुसमेत परिचालन गरी निरक्षर सर्वेक्षण र साक्षरताका कक्षाहरु सघन रुपमा सञ्चालन भएको थियो ।

तत्कालिन जिल्ला शिक्षा कार्यालय हालको शिक्षा विकास तथा समन्वय इकाईको च.नं. ६७० मिति २०७५।०८।२१ को प्रमाणित अभिलेख अनुसार नयाँ संरचनाको धुलिखेल अन्तर्गतको साविक देवीटार गाविसको वडा नं. १-३,६-९ मा कुल जनसंख्याको ६९.१६%, साविक रविओपीको वडा नं. १-५ मा कुल जनसंख्याको ७९.१७%, साविक धुलिखेल नपामा कुल जनसंख्याको ८७.०६ प्रतिशत, साविक काभ्रे गाविसमा कुल जनसंख्याको ८०.७८%, साविक पाल्लेखेत गाविसमा कुल जनसंख्याको ७६.३३%, साविक शारदावतासे गाविसको वडा नं. १-२, ५-८ मा कुल जनसंख्याको ७६.४८% र साविक शंखुपाटीचौर गाविसको वडा नं. १-३, ५-९ मा कुल जनसंख्याको ७४.१७% साक्षर भएको, २०६८ को जनगणना अनुसार कुल जनसंख्या



अशोक कुमार ब्याञ्जु श्रेष्ठ
नगर प्रमुख

धुलिखेल नगरपालिका
Dhulikhel Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
धुलिखेल, काभ्रेपलाञ्चोक
Dhulikhel, Kavrepalanchok
बागमती प्रदेश, नेपाल

फोन नं :०११-४९०३२४,४९०७२४
फ्याक्स नं :९७७-११४९००२९
बागमती प्रदेश, नेपाल


प. सं:०८१/८२
च.नं: ३१८

३२१६२ मध्ये २६१५४ साक्षर भै ६००८ जना साक्षर हुन बाँकी रहेकोले आ.व. २०६७/०६८, २०६८/०६९, २०६९/०७०, २०७०/०७१ र २०७१/०७२ मा सघन रुपमा साक्षरता अभियान अन्तर्गत साक्षरता कक्षा सञ्चालन भइ ५२२२ जना साक्षर भएको र महाभूकम्प २०७२ पश्चात् उक्त आ.व.मा साक्षरता कक्षा सञ्चालन नभएको, पुनः आ.व. २०७४/०७५ मा सामुदायिक सिकाइ केन्द्र मार्फत् जननिर्वाचित पदाधिकारीको प्रत्यक्ष सहयोग र अनुगमनमा धुलिखेल नरपालिकाको विभिन्न वडामा ११ ओटा निरन्तर शिक्षा अन्तर्गतको साक्षरता कक्षा सञ्चालन भै १६५ जना साक्षर थपिइ २०६८ को जनगणना अनुसार साक्षर हुन बाँकी ६००८ जना निरक्षर मध्ये ५३८७ जना साक्षर भइ कुल साक्षरता प्रतिशत ९८.०७ कायम भएको आधारमा ६० वर्ष उमेर समूहसम्म ९५% साक्षर भएको नगरपालिकालाई साक्षर नगर घोषणा गर्ने सरकारको साक्षरता नीति अनुरुप **नगरपालिकाको ३३ औं स्थापना दिवसको उपलक्ष्यमा २०७५ साल फागुन ५ गते साक्षर नगर घोषणा** गरिएको हो।

साक्षर नगर घोषणा पश्चात् निरन्तर शिक्षा र साक्षरोत्तर कक्षा सञ्चालनको दायित्व अनुरुप आधारभूत साक्षरता हासिल गरेका नवसाक्षरहरुलाई निरन्तर/साक्षरोत्तर शिक्षा प्रदान गरी जीवन पर्यन्त सिकाइ कायम राख्न र सिकिएको विषयवस्तु अझ व्यवहारिक रुपमा दैनिक व्यवहारिक जीवनमा लागू गर्न नगरपालिकाको सामाजिक विकास शाखा र विभिन्न परिषदहरुबाट सञ्चालित सिप विकास तालिम कार्यक्रममा समेत साक्षरताको व्यवहारिक अभ्यास भएको साथै कृषि परियोजना कार्यक्रम अन्तर्गत SRC-CAP, VCDP लगायत संस्थाको परियोजनाबाट कृषकहरुलाई साक्षरता कक्षा सञ्चालन भएको र आर्थिक वर्ष २०८०।८१ देखि धुलिखेल नगरपालिकाको आर्थिक सहयोगमा शिखलापुर सामुदायिक सिकाइ केन्द्र मार्फत् कारगार कार्यालयको व्यवस्थापनमा काभ्रेपलाञ्चोक कारागारमा रहेका कैदी वन्दीलाई निरन्तर सिकाइ तह २ को कक्षा सञ्चालन भएको छ । साथै यस आवमा समेत उक्त साक्षरोत्तर शिक्षाको कक्षा सञ्चालन निरन्तर हुनेछ । यसरी विभिन्न स्थानका विविध समुदाय, जातजातिका कैदी बन्दीलाई सामाजिक मनोपरामर्श प्रदान गरी नैतिक चरित्र निर्माण गरी सामाजिक मूल्य मान्यतामा आधारित हिंसारहित समाज निर्माणमा जोड दिने समेत उद्देश्यले साक्षरता कक्षा सञ्चालन भएको र यस वर्षको साक्षरताको आदर्श वाक्य **बहुभाषिक शिक्षाको प्रवर्धनः पारस्परिक समझदारी र शान्तिको लागि साक्षरता भन्ने** नारा अनुरुप **समझदारी विकास गरी समाजमा शान्ति स्थापना गर्ने** राज्यको मूल ध्येयलाई नगरपालिकाले सार्थक बनाउन अग्रसरता लिएको वेहोरासमेत अनुरोध गर्न चाहन्छु ।

साक्षरता दिवसको शुभकामना सहित धन्यवाद !

..............................................
अशोक कुमार व्याञ्जु श्रेष्ठ
नगर प्रमुख
धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोक ।